# मूल्याङ्कनहरूमा आमाबुवाको गाइड

## CoAlt: अङ्ग्रेजी भाषा कला र गणित

मूल्याङ्कनले विद्यार्थीहरूले ग्रेड स्तर र सामग्री मापदण्डहरूमा दक्षता प्राप्त गर्नुभएको छ कि छैन र 21औँ शताब्दीका लागि तयार भएर स्नातक हुनका लागि सही मार्गमा हुनुहुन्छ कि हुनुहुन्न भन्ने बारेमा विद्यार्थी, आमाबुवा र शिक्षकहरूलाई महत्त्वपूर्ण जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनहरू तपाईंको बच्चाको शैक्षिक प्रगतिबारे प्रमाणको एउटा उपाय उपलब्ध गराउने उद्देश्यले गरिन्छ।

## यो मूल्याङ्कन के हो?

CoAlt: अङ्ग्रेजी भाषा कला (ELA) र गणित मूल्याङ्कन मानकहरूमा आधारित छ र कोलोराडो शैक्षिक मानकहरूको विस्तारित प्रमाण परिणामहरू (EEOs) तर्फ विद्यार्थीहरूको प्रगति मापन गर्छ। यो सुविधाहरूसहित पनि, CMAS मा सहभागी हुने महत्त्वपूर्ण संज्ञानात्मक असक्षमता भएका विद्यार्थीहरूका लागि राज्यले अनिवार्य गरेको मूल्याङ्कन हो। CoAlt: अङ्ग्रेजी भाषा कला र गणित मूल्याङ्कनहरू ग्रेड 3-8 मा अध्ययन गर्ने विद्यार्थीहरूलाई दिइन्छ।

## मेरो बच्चाको परीक्षा कहिले हुँदै छ?

तपाईंको बच्चाको परीक्षा अप्रिल महिनामा हुने छ र उहाँहरूको ग्रेड र विषयका आधारमा सम्पूर्ण समयावधिभर नभएर निश्चित दिनमा मात्र परीक्षा हुने छ। कृपया आफ्नो बच्चाको विशेष परीक्षासम्बन्धी समयतालिकाका लागि विद्यालयलाई सम्पर्क गर्नुहोस्।

## मेरो बच्चाले कस्ता स्कोरहरू प्राप्त गर्नु हुने छ?

DLM विद्यार्थीको स्कोर रिपोर्टले विद्यार्थीको विषयको समग्र कार्यप्रदर्शन स्तरसँग सम्बन्धित नतिजाहरू उपलब्ध गराउँछ। विद्यार्थीका नतिजाहरू साझेदार राज्यहरूले स्वीकृत गरेका चारवटा कार्यप्रदर्शनका स्तरहरू प्रयोग गरेर रिपोर्ट गरिन्छ:

- विद्यार्थीले आवश्यक तत्त्वहरूद्वारा प्रतिनिधित्व गरिएका विषयवस्तुसम्बन्धी ज्ञान र सीपहरू लागू गर्ने बुझाइ र क्षमतालाई देखाउँछ।
- विद्यार्थीका आवश्यक तत्त्वहरूद्वारा प्रतिनिधित्व गरिएका लक्षित विषयवस्तुसम्बन्धी ज्ञान र सीपहरू लागू गर्ने बुझाइ र क्षमता लक्ष्यमा नजिकिँदै छ।
- विद्यार्थीका आवश्यक तत्त्वहरूद्वारा प्रतिनिधित्व गरिएका विषयवस्तुसम्बन्धी ज्ञान र सीपहरू लागू गर्ने बुझाइ र क्षमता लक्ष्यमा छ।
- विद्यार्थीले आवश्यक तत्त्वहरूद्वारा प्रतिनिधित्व गरिएका लक्षित विषयवस्तुसम्बन्धी ज्ञान र सीपहरूलाई बुझ्ने र लागू गर्ने उन्नत क्षमतालाई प्रदर्शन गर्छ।

DLM विद्यार्थीका रिपोर्टहरूले तपाईंका विद्यार्थीको कार्यप्रदर्शनसँग सम्बन्धित नतिजाहरूलाई पनि सम्बन्धित आवश्यक तत्त्वहरूको समूहमा संक्षेप गर्छ। थप रूपमा, प्रत्येक आवश्यक तत्त्वका लागि तपाईंका विद्यार्थीका निश्चित सीप वा स्तरहरू देखाउने सिकाइ प्रोफाइल समावेश छ।

## यी स्कोरहरू कसरी प्रयोग गरिने छ?

CoAlt ELA र गणितको मुख्य उद्देश्य भनेको महत्त्वपूर्ण संज्ञानात्मक असक्षमता भएका कोलोराडोका विद्यार्थीहरूलाई उहाँहरूले परीक्षण गरिएको ग्रेड स्तरको अन्त्यमा ELA र गणित मूल्याङ्कनका विषय क्षेत्रहरूमा कोलोराडो शैक्षिक मानकहरूको EEOs पूरा गर्नुहुन्छ भन्ने स्तर निर्धारण गर्नु हो। CoAlt नतिजाहरू EEOs सँग सम्बन्धित विद्यार्थीको शैक्षिक प्रगतिको एउटा मापन उपलब्ध गराउने उद्देश्यले गरिन्छ

## थप जानकारी

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं। तपाईंलाई यी मूल्याङ्कनहरूसम्बन्धी कुनै पनि प्रश्न वा चिन्ता छन् भने, कृपया आफ्नो बच्चाको विद्यालयसँग प्रत्यक्ष रूपमा सम्पर्क गर्नुहोस् वा पारिवारिक तथा सामुदायिक संलग्नतामा 720-423-3054 मा फोन गर्नुहोस्।